नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७९-८०
च.नं.:- प्र./३११/४६११

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मितिः २०७९/१२/०८

विषयः प्रतिभा वा आइडिया पठाउने सम्बन्धमा ।

श्री राजस्व अनुसन्धान विभाग, पुल्चोक, ललितपुर ।
श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी कल्याण शाखाको प.सं. ०७९/८०, च.नं. १६६, मिति २०७९/१२/०१ को पत्रबाट लेखिआए बमोजिम उक्त मन्त्रालयको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिभा डबली **(Talent Forum)** स्थापना गरी राष्ट्रसेवक निजामती कर्मचारीको नीति तर्जुमामा सहयोग, नीति कार्यान्वयन, सेवा प्रवाह तथा विकास निर्माण लगायत सार्वजनिक सरोकारका विषयमा कार्यसम्पादनको सिलसिलामा वा सोका अतिरिक्त आफूमा अन्तर्निहित प्रतिभाको उजागर गर्दै उत्तम नतिजा हासिल गर्ने अवसर प्रदान गर्ने गरी डबली कार्यक्रम संचालनमा रहेकोले कर्मचारीको प्रतिभा वा आइडियाले सार्वजनिक महत्व राख्न सक्ने भएकोले तहाँ निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई आफ्ना आइडियालाई संलग्न सूचना बमोजिमको अनलाईन प्रणाली मार्फत फाराम भरी अडियो तथा भिजुअल समेत अपलोड गरी प्रस्ताव पेश गर्नुहुन आदेशानुसार अनुरोध छ ।

साथै उक्त सूचना यस कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटमा प्रकाशित गरिएको छ ।

२०७९/१२/०८
(कृष्ण प्रसाद भण्डारी)
शाखा अधिकृत

बोधार्थः-
श्री सूचना प्रविधि शाखा, :- संलग्न सूचना वेवसाइटमा राखिदिने।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

कर्मचारी कल्याण शाखा

## प्रतिभा डबली कार्यक्रममा ईनोभेटिभ आइडिया पेश गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशन मिति २०७९/१२/०१*

संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीमा रहेको प्रतिभाको उजागर गर्न यस मन्त्रालयबाट स्वीकृत प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्रतिभा डबली (Talent Forum) कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कर्मचारीहरुले आफूमा रहेको नवीन सोंच/ईनोभेटिभ आइडियालाई तपशिल बमोजिमको अनलाइन प्रणालीको माध्यमबाट मात्र उपलब्ध गराउनु हुन सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि www.mofaga.gov.np वा talenthunt.mofaga.gov.np मा रहेको "प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" हेर्न सक्नुहुनेछ ।

<u>नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्नु पर्ने समयावधि</u>: सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ।

<u>अनलाइन पेश गर्ने वेवसाइट ठेगाना</u>: talenthunt.mofaga.gov.np

पुनश्च:

(१) नवीन सोच/इनोभेटिभ आइडिया पेश गरी शीर्ष १० मा छनौट हुने स्थान प्राप्त गर्ने प्रतियोगीले प्रत्यक्ष प्रस्तुतीकरण समेत गर्नुपर्नेछ र सो कार्यक्रमको टेलिभिजनमार्फत समेत प्रशारण हुने व्यवस्था मिलाइनेछ ।

(२) प्रतिस्पर्धाबाट छनोट भएका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीलाई सम्मान तथा तोकिएको पुरस्कार प्रदान गरिनेछ ।

(३) मन्त्रालयले उपयुक्त ठहरिएका नवीनसोच/इनोभेटिभ आइडियाहरुलाई राष्ट्रसेवामा उपयोग गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(४) अनलाईन मार्फत नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्न talenthunt.mofaga.gov.np मा गई सर्वप्रथम आफ्नो खाता बनाउनु पर्नेछ । आफ्नो खाता बनाउन कर्मचारी संकेत नम्बर भएका कर्मचारीले <u>"म सँग कर्मचारी संकेत नम्बर छ"</u> भन्ने Tab मा र संकेत नम्बर नभएका कर्मचारीले <u>"म सँग कर्मचारी संकेत नम्बर छैन"</u> भन्ने Tab मार्फत आफ्नो विवरण भरि user name र password entry गरी आफ्नो mobile नं. मा भेरिफिकेशन कोड प्राप्त गर्नुपर्नेछ र सोही आधारमा फारम भरी आफ्नो नवीन सोच/इनोभेटिभ आईडिया पेश गर्नु पर्नेछ ।

(५) नवीन सोच/इनोभेटिभ आइडियाको अनलाइन प्रणाली मार्फत प्रस्ताव पेश गर्ने तरिका (User guidelines) talenthunt.mofaga.gov.np मा समेत हेर्न सकिनेछ ।

(६) एकपटक अनलाईन मार्फत प्रस्ताव पेश भई submission नम्बर प्राप्त भइ सके पश्चात पुन: सच्याउन मिल्ने छैन ।

(७) प्रतियोगीले आफ्नो प्रस्ताव पेश गर्ने क्रममा अडियो/भिडियो कपी समेत upload गर्नु पर्नेछ र सो अडियो/भिडियोमा आफ्नो परिचय खुल्ने कुनै किसिमको सामग्री राख्न पाइने छैन ।

थप जानकारीका लागि यस शाखाको फोन नं ०१४२००३०९ वा शाखा अधिकृत श्री हरिनारायण शर्मालाई ९८५११६८६४८ मा सम्पर्क गर्न सकिनेछ ।